राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

१७ औं वार्षिकोत्सव




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २०९ ॥ २०८२ भाद्र २७ गते शुक्रबार (12th Sep 2025 Friday) Pratidin National Daily मूल्य-रु.५/-

# झापामा डेढ सयवटा तोडफोड र आगजनीका घटना

झापा(प्रस) ।जेनजी आन्दोलनका क्रममा झापामा करिव डेढ सयवटा तोडफोड र आगजनीका घटना भएका छन् ।

जिल्लाका १५ वटा पालिकामध्ये हल्दिवारी गाउँपालिका मात्र आक्रमणबाट जोगिन सफल भएको छ । अरु १४ वटै पालिकामा पालिका कार्यालय र वडा कार्यालयहरुमा आगजनी र तोडफोड भएको छ । त्योसंगै जनप्रतिनिधि र राजनीतिक दलका नेताको घर र गाडी आन्दोलनकारीको निशानामा परेका छन् । आन्दोलनकारीहरुले एमाले , कांग्रेस र माओवादीको पार्टी कार्यालयमा समेत आगजनी गरेका छन् । सरकारमा रहेको एमालेलाई लक्षित गरिएको जेनजीको आन्दोलनमा बढी गरेर एमालेका जनप्रतिनिधि र नेताहरुले क्षति व्यहोर्नु परिरहेको छ । जिल्लामा भएका क्षतिको विवरण यस प्रकार रहेको छ ।

१) बिर्तामोड नगरपालिका

क) बिर्तामोड न.पा.-३, बिर्ताबजारस्थित बिर्तामोड नगरपालिकाको कार्यालय तोडफोड र आगजनी।

ख) बिर्तामोड न.पा.-१, २, ३, ४, ५, ७, ८, ९ वडा कार्यालयहरुमा तोडफोड र आगजनी।

ग) बिर्तामोड न.पा.-५ स्थित बिर्तामोड नगर प्रमुख पबित्रा महतारा प्रसाईंको घर तोडफोड।

घ) बिर्तामोड न.पा.-२ स्थित बिर्तामोड नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाको घर तोडफोड।

ङ) बिर्तामोड न.पा.-५ स्थित जिल्ला ट्राफिक प्रहरी कार्यालय( नयाँ र पुरानो दुवै ) र इलाका प्रहरी कार्यालय बिर्तामोडको भवन र सवारी साधनहरु तोडफोड, आगजनी , हतियार लुटपाट र प्रहरीमाथि आक्रमण ।

च) बिर्तामोड न.पा.-५ स्थित बिर्तामोडका पूर्व नगर प्रमुख ध्रुव कुमार शिवाकोटीको घर र कार तोडफोड र आगजनी।

छ) बिर्तामोड न.पा.३ स्थित भाटभटेनी सुपर मार्केट तोडफोड, आगजनी र लुटपाट।

ज) बिर्तामोड न.पा.-३ यातायात ब्यवस्था कार्यालयको भवन तोडफोड र आगजनी।

झ) बिर्तामोड न.पा.-६ स्थित नेकपा एमाले बिर्तामोड नगर अध्यक्ष सुबास भट्टराईको घर र गाडी तोडफोड र आगजनी।

ञ) बिर्तामोड न.पा.-५ स्थित नेपाल टेलिकमको कार्यालय तोडफोड र आगजनी।

ट) बिर्तामोड न.पा.-३ स्थित प्रहरी चौकी बिर्ताबजारको भवन तोडफोड र आगजनी।

ठ) बिर्तामोड न.पा.-९ स्थित दुर्गा माध्यमिक विद्यालयको भवन तोडफोड र आगजनी।



ड) बिर्तामोड न.पा.-९ स्थित सहिद पार्कमा तोडफोड।

ढ) बिर्तामोड न.पा.-३ स्थित नेकपा (माओवादी केन्द्र) को जिल्ला पार्टी कार्यालय तोडफोड र आगजनी।

ण) बिर्तामोड न.पा.-४ स्थित नेकपा एमालेको जिल्ला पार्टी कार्यालय तोडफोड र आगजनी।

२) कन्काई नगरपालिका

क) कन्काई न.पा.-१ स्थित कन्काई न.पा. को कार्यालय भवन तोडफोड र आगजनी।

ख) कन्काई न.पा.-१ र ७ स्थित नगर प्रमुख राजेन्द्रकुमार पोखरेलको २ वटा घरमा तोडफोड, आगजनी र लुटपाट।

ग) कन्काई न.पा.-३ स्थित नगर उपप्रमुख आशा कुमारी शिवाकोटीको घर तोडफोड।

घ) कन्काई न.पा.-३ का वडाध्यक्ष युवराज चौलागाईंको घर तोडफोड।

ङ) कन्काई न.पा.-३ स्थित इलाका प्रहरी कार्यालय, सुरुङ्गाको भवन तोडफोड र सवारी साधनहरुमा आगजनी।

च) कन्काई न.पा.-१, २, ३, ४, ५, ६, ७, ८ र ९ वडा कार्यालयहरुमा तोडफोड र आगजनी।

छ) कन्काई न.पा.-३ स्थित नेपाली कांग्रेसका झापा जिल्ला सभापति देउकुमार थेवेको घर तोडफोड र सामानहरु घर बाहिर ल्याएर आगजनी।

३) मेचीनगर नगरपालिका

क) मेचीनगर न.पा.- १, २, ४, ६, ७, ९ र १० वडा कार्यालयहरुमा तोडफोड र आगजनी।

ख) मेचीनगर न.पा.-१० स्थित गिरिजाप्रसाद कोइराला स्मृति प्रतिष्ठानमा आगजनी र तोडफोड।

ग) मेचीनगर न.पा.-९ स्थित प्रतिनिधिसभा सदस्य विश्वप्रकाश शर्माको घर तोडफोड र आगजनी।

घ) मेचीनगर न.पा.-९ स्थित मेचीनगर नगर प्रमुख गोपालचन्द्र बुढाथोकीको घरमा तोडफोड र आगजनी।

ङ) मेचीनगर न.पा.-९ स्थित बागमती प्रदेशका पूर्व प्रदेश प्रमुख विष्णु प्रसाईंको घरमा तोडफोड र आगजनी।

च) मेचीनगर न.पा.-१० स्थित नगरपालिकाका अधिकृत अनन्त वस्तीको घरमा तोडफोड र आगजनी।

छ) मेचीनगर न.पा.-१० स्थित ट्राफिक बिटमा तोडफोड र आगजनी।

ज) मेचीनगर न.पा.-६ स्थित ट्राफिक बिटमा तोडफोड र आगजनी।

झ) मेचीनगर न.पा.-६ स्थित नगर उपप्रमुख मिना पोखरेल उप्रेतीको घरमा तोडफोड र आगजनी।

ञ) मेचीनगर न.पा.-६ काँकडभिट्टास्थित संविधान सभा सदस्य रविन कोइरालाको घरमा तोडफोड र आगजनी।

ट) मेचीनगर न.पा.-६ काँकडभिट्टास्थित पूर्व प्रदेश सभा सदस्य श्रीप्रसाद मैनालीको घरमा तोडफोड र आगजनी।

ठ) मेचीनगर न.पा.-६ काँकडभिट्टास्थित प्रदेश सभा सदस्य गोपाल तामाङको घरमा तोडफोड र आगजनी।

ड) मेचीनगर न.पा.-६, काँकडभिट्टास्थित मेची भन्सार कार्यालयको सवारी साधनहरु तोडफोड, आगजनी र लुटपाट।

ढ) मेचीनगर न.पा.-६, स्थित इलाका प्रहरी कार्यालय काँकडभिट्टाको भवनमा सामान्य तोडफोड र सवारी साधनहरुमा आगजनी।

ण) मेचीनगर न.पा.-७, इटाभट्टास्थित सशस्त्र प्रहरी बल नेपालको चेकपोष्टमा तोडफोड र आगजनी।

त) मेचीनगर न.पा.-८, धुलाबारीस्थित होटल मेची क्राउनमा तोडफोड।

थ) मेचीनगर न.पा.-६, काँकडभिट्टास्थित

❖ बाँकी तेस्रो पृष्ठमा

## प्रहरीको गोली लागेका अर्का प्रदर्शनकारीको मृत्यु



झापा(प्रस) । बिर्तामोडमा प्रहरीको गोली लागेर घाइते भएका अर्का प्रदर्शनकारीको पनि मृत्यु भएको छ ।

मृत्यु हुनेमा हिलिहाङ-२ पाँचथर घर भई बिर्तामोड १० मा बस्दै आएका अन्दाजी ३५ वर्षका कमल भण्डारी रहेका छन् । बीएण्डसीमा उपचाररत उनको बुधवार साँझ ६.५ बजे मृत्यु भएको हो ।

इलाका प्रहरी कार्यालय बिर्तामोडमा भएको झडपमा यसअघि अर्जुनधारा ८ निवासी २८ वर्षका गोपाल सेढाईको मृत्यु भएको थियो ।

## आन्दोलनमा मृत्यु हुनेको संख्या ३४ पुग्यो

झापा(प्रस) देशव्यापी रूपमा भएको जेनजी आन्दोलनका क्रममा मृत्यु हुनेको संख्या ३४ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालयका अनुसार देशका विभिन्न अस्पतालमा ३३१ जना उपचाररत छन् भने ९४९ जना उपचारपछि डिस्चार्ज भएका छन् । काठमाडौँका अस्पतालहरू राष्ट्रिय ट्रमा सेन्टर ८, सिभिल अस्पताल ६, भेरी अस्पताल ५, एभरेस्ट अस्पताल ३, फ्रन्टलाइन अस्पताल ३, केएमसी अस्पताल २, त्रिवि शिक्षण अस्पताल १, बयोधा अस्पताल २, फ्रन्टलाइन अस्पताल ३, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान २, बीएण्डसी अस्पतालमा २ जनाको मृत्यु भएको छ ।

## चीनद्वारा नेपालमा स्थिरता कायम हुने आशा व्यक्त

झापा(प्रस) । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले नेपालमा उत्पन्न राजनीतिक अस्थिरता र आन्दोलनप्रति चीनको धारणा सार्वजनिक गरेका छन्। बुधबार आयोजित एक पत्रकार सम्मेलनमा हालै नेपालमा भएको प्रदर्शन र अशान्तिले प्रधानमन्त्रीले राजीनामा दिनुपरेको अवस्थाबारे



प्रश्न सोधिएको थियो । यसबारे बोल्दै उनले नेपालका सबै पक्षले आफ्ना आन्तरिक समस्याहरूलाई उचित रूपमा सम्बोधन गरी छिट्टै सामाजिक व्यवस्था र राष्ट्रिय स्थिरता कायम गर्ने आशा व्यक्त गरे।

प्रवक्ता लिनले चीन र नेपाल परम्परागत रूपमा मित्रवत् छिमेकी राष्ट्र भएको बताए। उनले नेपालमा रहेका चिनियाँ नागरिकहरूलाई पनि सुरक्षामा विशेष ध्यान दिन आग्रह गरेका छन्।




## श्रीमतीसँग लाग्नेलाई ज्ञवालीले आफ्नै घरमा गरे हत्या

झापा(प्रस) । श्रीमतीसँग लाग्नेलाई झापा मेचीनगरका एक व्यक्तिले आफ्नै घरमा धारिलो हतियार प्रहार गरी हत्या गरेका छन् ।

बुधवार राति ८ बजे मेचीनगर ७ गैरीगाउँ बस्ने ५० वर्षीय नारायण ज्ञवालीले आफ्नै घर कोठामा मेचीनगर १४ दुवागढी बस्ने ४० वर्षीय मो.फौमोदिनलाई धारिलो हतियार चक्कुले प्रहार गरी हत्या गरेका हुन् । पेट, ढाड र शरीरको बिभिन्न भागमा चोट लागेका फौमोदिनको घटनास्थलामा नै मृत्यु भएको थियो ।

इलाका प्रहरी कार्यालय काँकड्भिट्टबाट प्रहरी टोली खटिएर नारायण ज्ञवाली र उनकी श्रीमती सुजता ज्ञवालीलाई नियन्त्रंणमा लिएको छ । मृतकको शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## जेनजीको आन्दोलनपछि एमालेबाट राजीनामा दिनेको लर्को

झापा(प्रस) ।सत्तामा रहेको नेकपा एमाले र प्रधानमन्त्री केपी ओलीलाई लक्षित गरेर जेनजी आन्दोलन शुरु भएपछि एमालेबाट राजीनामा दिनेहरुको संख्या थपिदै गएको छ । एकपछि अर्को गर्दै पार्टीका जिम्मेवार व्यक्तिहरुले राजीनामा दिइरहेका छन् । एमालेबाट निर्वाचित भएका जनप्रतिनिधिहरुको राजीनामाको संख्या धेरै छ ।बाह्रदशी गाउँपालिकाका अध्यक्ष देवेन्द्रप्रसाद चम्लागाँईले एमाले गाउँ कमिटी बाह्रदशीलाई आफू एमालेको साधारण सदस्यसमेत नरहने गरि सबै जिम्मेवारीबाट अलग भएको राजीनामा बुझाएका छन् । त्यस्तै कमल गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले नेकपा एमालेको कुनै पनि पद र पालिकाको उपाध्यक्ष पदबाट समेत राजीनामा दिने निर्णय गरेकी छन् । त्यस्तै कनकाई ३ का वडाध्यक्ष युवराज चम्लागाँईले एमाले पार्टी र वडाध्यक्ष पदबाट राजीनामा दिएका छन भने एमालेका सदस्य तथा कनकाई माध्यमिक विद्यालयका व्यवस्थापन समिति अध्यक्ष चन्द्रप्रसाद प्रसाईले दुबै पदबाट राजीनामा दिएको घोषणा गरेका छन् । त्यस्तै नेकपा एमाले झापा जिल्ला कमिटीका सदस्य किशोर भट्टराईले २०६४मंसिर ४ गते लिएको सङ्गठित सदस्यता आजकै मितिबाट फिर्ता गर्दै कुनै पनि पार्टीको सदस्यता नलिने घोषणा गरेका छन् । त्यस्तै बाह्रदशी वडा नं ३ का वडा सदस्य हेमलाल दाहालले

❖ बाँकी अन्तिम पृष्ठमा

## अनेरास्ववियु छाडेका सुजनले दुई दिनमै फेरे कुरा

झापा(प्रस) । जेन-जीहरूले सोमवार र मंगलवार गरेको आन्दोलनपछि हतार हतार अनेरास्ववियुको अध्यक्षबाट राजीनामा दिएका डा. सुजन कडरिया दुई दिनमै फेरिएका छन् ।

कडरियाले राजीनामा दिएपछि एमालेमा अनेरास्ववियुको नयाँ अध्यक्ष खोजी हुन थालेका बेला उनले कुरा फेरेका हुन् । मंगलबार घरमै आएर केही समूहले मार्ने धम्की दिएकाले बाध्यतावश आफूले अनेरास्ववियु र एमाले छाड्ने घोषणा गर्नुपरेको जिकिर उनले गरेका छन् । घरमै हातहतियारसहित आएका केही

## कांग्रेसका कार्यकर्ताहरुले पनि राजीनामा दिँदै

झापा(प्रस) । जेनजीको आन्दोलनपछि नेपाली कांग्रेसका कार्यकर्ताहरुले पनि राजीनामा दिन थालेका छन् । यसक्रममा नेपाली काँग्रेसका झापा गाउँपालिका सभापति सागिरथप्रसाद गणेशले सामाजिक संजालमार्फत राजीनामा दिएको घोषणा गरेका छन् । त्यसैगरी नेपाली काँग्रेसका जिल्ला सदस्य ठोमनाथ नेपाल र झापा गाउँपालिका वडा नं १ का सभापति रुपलाल गणेशले पनि राजीनामा दिएका छन् । उता नेकपा एमाले वडा नं १ का अध्यक्ष घनश्याम गणेशले पनि राजीनामा दिएका छन् ।

## मोटरसाइकल दुर्घटनामा चालक श्रेष्ठको मृत्यु



झापा(प्रस) । झापाको बुद्धशान्ति -७ सुनमाईस्थित मेची राजमार्गमा मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

बुधवार साँझ ६ बजे इलामबाट चारआलीतर्फ आउँदै गरेको प्र. ३-०२-००७ प ६०९० नं. को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक भद्रपुर -६ भानु चौक बस्ने ५९ वर्षीय राम श्रेष्ठ गम्भीर घाइते भएका थिए ।उनलाई उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएकोमा अस्पताल पुर्याउनासाथ चिकित्सकले मृत घोषणा गरेका थिए ।

# त्रिभुवन विश्वविद्यालयको पठनपाठन छठपछि मात्रै



झापा(प्रस) । त्रिभुवन विश्वविद्यालयको पठनपाठन छठपछि मात्रै सुरु हुने भएको छ । असामान्य परिस्थितिको कारण नियमित पठन पाठन कार्तिक ११ गतेदेखि सञ्चालन हुने विश्वविद्यालयले जनाएको छ । सूचना तथा जनसम्पर्क महाशाखाले बिहीवार एक सूचना जारी गर्दै भनेको छ–मुलुकभर विद्यमान असामान्य परिस्थितिका कारण आगामी हिउँदे बिदाबाट कटौती गर्ने गरी २०८२ साल भदौ २९, ३० र ३१ तथा असोज १,२ र ५ साथै कार्तिक ९ गतेका दिन त्रिभुवन विश्वविद्यालयको सम्पूर्ण पठनपाठन कार्य बन्द गर्ने निर्णय गरिएको र नियमित पठन पाठन कार्तिक ११ गतेदेखि सञ्चालन हुने ब्यहोरा सम्बन्धित सबैमा निर्देशानुसार जानकारी गराइन्छ । जेनजीको आन्दोलन र त्यसपछि उत्पन्न परिस्थितिका कारण देशभरको पठनपाठन ठप्प भएको छ ।

# पर्यटकलाई सहजीकरण गर्दै पर्यटन बोर्ड

झापा(प्रस) ॥ नेपाल पर्यटन बोर्डले नेपाल भ्रमणमा रहेका विदेशी पर्यटकको आवागमन तथा व्यवस्थापनमा सहजीकरण गरिएको जनाएको छ । विषम परिस्थितिका कारण पर्यटकलाई गन्तव्यमा पुग्न असहज भएको अवस्थामा बोर्डले सटल बसको व्यवस्था गरी आवतजावतमा सहजीकरण गरिरहेको उल्लेख गरेको छ । बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीका अनुसार नेपाली सेना र नेपाल नागरिक उड्डयन प्राधिकरणका अधिकारीसँग समन्वय गरी सहज व्यवस्थापन मिलाइएको छ । विमानस्थलदेखि होटेलसम्म आवतजावत गर्न सहजीकरण भइरहेको छ । पर्यटक आवतजावतका लागि मङ्गलबारदेखि काठमाडौँ र पोखरामा पर्यटकलाई सटल बसको व्यवस्था गरिएको छ । "पदयात्रामा निस्किएका पर्यटकलाई समस्या छैन । उनीहरू निर्बाध रूपमा यात्रा गरिरहेका छन् ।

खासगरी काठमाडौँमा आगमन भइरहेको र काठमाडौँबाट स्वदेश फर्किने योजनामा रहेका पर्यटकलाई समस्या भइरहेको छ । विमानस्थलदेखि होटेल र होटेलबाट विमानस्थलसम्म लैजान सहजीकरण गरिएको छ," सिइओ जोशीले भने मङ्गलबार दिउँसो सडक अवरुद्ध भए पनि विमानस्थलमा रहेका पर्यटकलाई पानी र बिस्कुटको व्यवस्था गरी राति सुरक्षा निकायसँगको समन्वयमा होटेलमा पुऱ्याउन सहजीकरण गरिएको बताए । बोर्डको विवरणमा पछिल्लो १० दिनमा करिब ३५ हजार पर्यटक हवाईमार्ग भएर नेपाल भित्रिएका छन् । तीमध्ये अधिकांश पदयात्रामा निस्किएका छन् । खुम्बु क्षेत्र, अन्नपूर्ण क्षेत्र, पोखरा र केही काठमाडौँमा रहेका छन् । नेपालमा मनसुन सकिएर मुख्य पर्यटक सिजन सुरु हुने समय नजिकिएको छ । यो सिजनमा धेरै संख्यामा विदेशी पर्यटक नेपाल आउँछन् ।

# झापामा ९२ जना थुनुवा भगाएको प्रहरीको पुष्टि



झापा(प्रस) । जेनजीको आन्दोलनका नाममा आन्दोलनकारीहरुले झापाका विभिन्न प्रहरी कार्यालयहरुबाट ९२ जना थुनुवा भगाएको प्रहरीले पुष्टि गरेको छ । भदौ २४ गते भएको आन्दोलनमा आन्दोलनकारीहरुले गम्भीर , जघन्य प्रकृतिका र अन्य अपराधमा संलग्न भइ अनुसन्धानमा रहेका ९२ जना थुनुवा भगाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । इलाका प्रहरी कार्यालय दमकबाट ५१ जना, अनारमनीबाट ३६ जना र झिलझिलेबाट ५ जना गरि ९२ जना थुनुवाहरुलाई भगाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# अत्यावश्यक बैंकिङ सेवा सञ्चालन गर्न राष्ट्र बैंकको निर्देशन

झापा(प्रस) । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई अत्यावश्यक सेवा सञ्चालन गर्न निर्देशन दिएको छ । बिहीबार राष्ट्र बैंकले विज्ञप्ति जारी गर्दै नेपाली सेनाले बिहीबार जारी गरेको विज्ञप्ति बमोजिम आवतजावत हुनेगरी आफ्ना संवेदनशील प्रणाली सञ्चालन गरी अत्यावश्यक बैंकिङ तथा डिजिटल भुक्तानीसम्बन्धी सेवा प्रदान गर्न निर्देशन दिएको हो । अन्य प्रणालीको हकमा भने रिमोट एक्सेसमार्फत् सञ्चालन गर्ने व्यवस्था मिलाउन समेत निर्देशन दिएको छ । साथै यससम्बन्धी सूचना आफ्नो वेभसाइटमार्फत् सार्वजनिक गर्न समेत राष्ट्र बैंकले भनेको छ ।

---

## जेनजीको...

एमाले पार्टी परित्याग गरेका छन् भने मेचीनगर १ मा एमालेबाट निर्वाचित वडा सदस्य शान्ताकुमार न्यौपानेले पनि अब कुनै पनि पदमा नरहने घोषणा गरेका छन् । त्यस्तै कन्काई ७ का पत्रकार रामप्रसाद निरौलाले एमालेसहित यसको जनवर्गीय संगठन प्रेस चौतारी नेपालको साधारण सदस्यसमेत नरहने बताएका छन् । त्यस्तै अनेरास्ववियुका बलराम गिरीले पनि पार्टी र संगठनमा नरहने घोषणा गरेका छन् भने बिर्तामोडका युवराज निरौला , टहलदास ओली , लक्ष्मीप्रसाद घिमिरे , गंगादेवी ओली , डिल्लीमाया आचार्यलगायतले पनि एमाले परित्याग गरेको जनाएका छन् । यसैबीच एमालेका नेता तथा संघीय मन्त्री देवेन्द्र दाहालले आफ्ना कार्यकर्ताहरुलाई राजीनामा नदिन आग्रह गरेका छन् । उनले सामाजिक संजालमा लेखेका छन् ' यो बेला राजीनामा दिनेहरु कायर ठहर्छन् । यो वेला कसैले कुनै पनि पदवाट राजीनामा नदिनु होला । आफू धैर्य भएर बस्नु होस् र भरसक अरुलाई पनि सम्झाउनु होस् । '

## अनेरास्ववियु...

व्यक्तिले आक्रमण गरेपछि आफूले फेसबुकमा लेखेर राजीनामा घोषणा गर्न बाध्य हुनुपरेको जिकिरसहित अब उनले कुरा फेरेका हुन् । घरमै आएर केही व्यक्तिहरूले मार्न खोज्दा चोटसमेत लागेको दाबीसहित उनले फेसबुकमा तस्बिर पनि हालेका छन् । फेसबुकबाट राजीनमा दिएका उनले एमाले नेताहरू विस्तारै सक्रिय हुन थालेपछि फेसबुकबाटै उक्त निर्णय फिर्ता लिएका हुन् । कडरियाले जस्तोसुकै अवस्थामा पनि एमाले नछाड्ने नयाँ तर्क झिकेका छन् । प्रतिकुल परिस्थितिको सामना गर्न नसक्दा भएको कमजोरीका लागि उनले एमालेवृत्तसँग माफी पनि माग्दै पुनः सक्रिय भएको घोषणा गरेका हुन् ।

# लुटिएका हतियार तत्काल बुझाउन अरिदमन गणको अपिल

झापा(प्रस) ।जेनजीको आन्दोलनको क्रममा लुटिएका र हराएका, अनाधिकृत रुपमा भेटिएका, संकलन गरिएका हातहतियार , गोलीगठ्ठा तथा सामान–वस्तुहरु तत्काल बुझाउन झापाको चारआलीस्थित नेपाली सेनाको अरिदमन गणले आग्रह गरेको छ ।

गणका युद्धकार्य अधिकृत सेनानी सुरेन्द्र योगीले अनुसार अनाधिकृत रुपमा भेटिएका, गैरकानूनीरुपमा राखिएका हतियार तथा विभिन्न स्थानबाट संकलन गरिएका सामान–वस्तुहरु सेनालाई बुझाउन झापाबासीलाई आग्रह गरेका छन् ।

त्यस्ता हतियार, सामान–वस्तुहरु अरिदमन गण चारआलीमा बुझाउन तथा खबर गर्न भनिएको छ । गणका युद्धकार्य अधिकृत सेनानी योगीले नागरिकको जीउधनको रक्षामा नेपाली सेना अहोरात्र खटिएको जनाउदै निषेधाज्ञा तथा कर्फ्युको पूर्ण पालना गर्न आग्रह गरेका छन् ।

नेपाली सेनाको मुख्यालयले पनि लुटिएका हातहतियार तत्काल बझाउन सूचित गर्दै अटेर गर्नेलाई कार्वाही गर्ने जनाएको छ ।

जेनजीको आन्दोलनको क्रममा लुटिएका र हराएका हातहतियार, गोलीगट्ठा र सुरक्षा सामग्री तत्काल नजिकैको सुरक्षा निकाय वा सुरक्षाकर्मीलाई बुझाउन सेनाले आग्रह गरेको हो ।

सेनाले बुधबार एक सूचना जारी गर्दै बुझाउन अटेरी गर्नेलाई कानुन अनुसार कारबाही गर्ने चेतावनी समेत दिएको छ । 'त्यस्ता हातहतियारहरुको दुरुपयोग भई जनधनको क्षति हुनसक्ने भएकोले त्यस सम्बन्धी सूचना प्राप्त गर्नुहुने व्यक्तिहरुले सुरक्षा निकायलाई जानकारी गराउन र सम्बन्धितलाई हतियार बुझाउन प्रेरित गर्नुहुन अनुरोध गरिन्छ,' सूचनामा भनिएको छ, 'साथै, यस संवेदनशील परिस्थितिमा सुरक्षा निकायका पोशाकहरुको अनाधिकृत प्रयोग नगर्नुहुन समेत अनुरोध छ ।'

# जेनजीलाई माओवादीको समर्थन



झापा(प्रस) । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) झापाले जेनजीप्रति समर्थन जनाएको छ । भ्रष्टाचारविरुद्ध र सुशासनको पक्षमा जेनजीले शुरु गरेको आन्दोलनको समर्थन गरेको हो ।

पार्टी जिल्ला समन्वय समिति झापाले बिहीवार पार्टी कार्यालयमा भ्रष्टाचारमुक्त उन्नत लोकतन्त्रको सपना बोकेर सुशासनको पक्षमा जेनजी पुस्ताले आव्हान गरेको आन्दोलनमा सहादत प्राप्त गर्ने सम्पूर्ण युवाहरुमा भावपूर्ण श्रद्धाञ्जली तथा परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना पनि गरेको छ ।

भ्रष्टाचार विरुद्ध शुसासन, सामाजिक न्याय र समृद्धिका पक्षमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले चालेको कदमबाट आत्तिएर स्वार्थ समूहको सेवा गर्न भ्रष्टाचारीलाई संरक्षण गर्ने उद्देश्यले गठित के.पी. ओली नेतृत्वको जनविरोधी हर्कतका कारण जनताको आक्रोशले चरम रुप लिएको दावी गरेको छ ।

जेनजी पुस्ताका युवाहरुको आवाजलाई बर्बर तरिकाले कुल्चिन के. पी. ओली नेतृत्वको सरकारले भयानक नरसंहार मच्चाएको र भ्रष्टाचारविरुद्ध र सुशासनको पक्षमा जेनजी पुस्ताले सुरु गरेको आन्दोलन सही भएको जनाएको छ ।

पार्टीका जिल्ला बिभिन्न तह र तप्कामा रहेका नेता तथा कार्यकर्ताको भेलाले त्यसमाथि सरकारले पहिलो दिन नै बर्बर नरसंहार गरेको जनाएको छ ।

## झापामा...

गाडीमा आगजनी

ख) बुद्धशान्ति १,२,३,४,५,६ र ७ नं वडा कार्यालयमा तोडफोड र आगजनी

ग) बुद्धशान्ति वडा नं ३ मा रहेको गाउँपालिका अध्यक्ष मनोज प्रसाईको घरमा तोडफोड , आगजनी र लुटपाट

घ)बुद्धशान्ति -३ मा रहेको इलाका प्रहरी कार्यालय बुधबारेमा तोडफोड

ङ)बुद्धशान्ति- ३ स्थित विजुली अफिसमा तोडफोड

१३) बाह्रदशी गाउँपालिका

क) बाह्रदशी- ५ स्थित बाह्रदशी गाउँपालिकाको कार्यालय भवन र सवारी साधनमा आगजनी

ख) बाह्रदशी १,२,३,४,५,६,७ नं वडा कार्यालयहरुमा तोडफोड र आगजनी

१४) कचनकवल गाउँपालिका

क) कचनकवल गा.पा.-६ स्थित गाउँपालिकाको भवन तोडफोड र आगजनी, गा.पा. को फोहोर बोक्ने ट्र्याक्टर, इन्डियन नम्बर प्लेटको गाडीमा आगजनी।

ख) कचनकवल गा.पा.-४, ५, ६ र ७ नं वडा कार्यालयहरुमा तोडफोड र आगजनी।

ग) कचनकवल गा.पा.-१ मा गाउँपालिका अध्यक्ष कालेन्द्रप्रसाद राजबंशी चढ्ने सरकारी

# साना निर्माणकर्मी संघको अपिल

**जेन–जी पुस्ताले भ्रष्टाचारविरुद्ध सञ्चालन गरेको प्रदर्शनका क्रममा भएको जनधनको क्षतिप्रति साना निर्माणकर्मी संघ गहिरो दुःख व्यक्त गर्दछ । प्रदर्शनका क्रममा ज्यान गुमाउनुभएका युवाहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं। साथै प्रदर्शनका क्रममा घाइते हुनुभएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । नयाँ नेपाल निर्माणका लागि आन्दोलन अपरिहार्य थियो । युवाहरुले गरेको आन्दोलनप्रति हामी पूर्ण समर्थन जनाउन चाहन्छौं ।**

**मुलुकमा भैरहेको वेथिति, सुशासन, भ्रष्टाचार,बेरोजगारलगायतका विरुद्ध युवा पुस्ताले देखाएको चासोप्रति सम्बेदनशील हुन सम्बन्धित सबैमा हार्दिक आग्रह गर्दछौं । मुलुकमा थप निराशा र अशान्तिको वातावरण कहीं–कतैबाट पनि सिर्जना नहोस् भन्न चाहन्छौ । नयाँ नेपाल शुरुवात गर्न तीन दर्जनले बलिदानी दिएका छन् , कयौ अस्पतालमा छटपटाइरहेका छन् । यो र त्यो प्रधानमन्त्री बन्ने स्वार्थमा प्रेरित भएर त्यो योगदानको कुनै पनि हालतमा अवमूल्यन गर्न पाइदैन ।**

**फेरि पनि राजनीतिलाई पेवा ठानेर राज्यसत्तामा हालीमुहाली गरेका पुरातनवादीहरु सल्बलाउन खोज्दैछन् । हामी सबैले संयमित भई सम्वाद र सहकार्यका माध्यमबाट समृद्धितर्फको यात्रा तय गर्नुपर्छ । सुन्दर र सुनौलो नेपालको परिकल्पना गरी आजैका दिनदेखि दृढ संकल्पका साथ एकजुट भएर अघि बढौं । समुन्नत नेपाल निर्माणमा योगदान पुर्याउन सबैमा हार्दिक आग्रह गर्दछौं ।**

**केदार राजवंशी**
**अध्यक्ष**

# जनधनको क्षतिप्रति कांग्रेसद्वारा दुःख व्यक्त

झापा (प्रस) । जेनजी पुस्ताको प्रदर्शनका क्रममा देशमा उत्पन्न विषम परिस्थिति र जनधनको क्षतिप्रति नेपाली कांग्रेस झापाले गहिरो दुःख व्यक्त गरेको छ । नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेबेले एक बिज्ञप्ति जारी गर्दै जेनजी आन्दोलनका नाममा अति संवेदनशील र महत्वपूर्ण सरकारी भवन, ब्यक्तिका घर, संघ-संस्था र ब्यापारिक प्रतिष्ठानहरुमा गरिएको आगजनी, तोडफोड र कुटपिट एवं राष्ट्रिय क्षतिप्रति दुःख व्यक्त गरेका हुन् ।

"हिंसा, तोडफोड र आगजनीले समृद्ध राष्ट्र निर्माण गर्न सकिन्न" बिज्ञप्तिमा भनिएको छ- "लोकतान्त्रिक प्रणालीको विकल्प भनेको अझ उन्नत लोकतन्त्र हो । देशमा अहिले लोकतान्त्रिक संविधान छ, संबैधानिक अङ्गहरु क्रियाशील छन् । अबको सरकार गठन र निकास पनि संबैधानिक र बिधिको बाटोबाटै हुनेमा हामी बिश्वस्त छौ ।"

प्रदर्शनका क्रममा ज्यान गुमाएका सबैप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरु सबैको शिघ्र स्वास्थ्य लाभको कामना बिज्ञप्तिमा गरिएको छ ।

यो विषम परिस्थितिमा आम नागरिक र पार्टीका सबै साथीहरु र भ्रातृ तथा शुभेच्छुक संस्थाहरुमा आवद्ध साथीहरु र आम जिल्लाबासी दाजुभाइ, दिदीबहिनीहरुमा केही समय धैर्य र संयमतापूर्वक शान्ति सुब्यवस्था बनाउन भूमिका निर्वाह गरिरहन आग्रह गर्दै हतास नहुन पनि बिज्ञप्तिमार्फत अपिल गरिएको छ

" प्रदर्शनका नाममा पार्टी सभापति शेरबहादुर देउवाको घरमा प्रवेश गरि सांघातिक आक्रमणबाट उहाँ र परराष्ट्र मन्त्री आरजु राणासहित विभिन्न राजनीतिक दलका नेता, कार्यकर्ता र सर्बसाधारणलाई घाइते बनाउनेहरुको कुकार्यको भर्त्सना गर्दछौं"- बिज्ञप्तिमा भनिएको छ- "जेनजीले उठाएका कतिपय मागहरु जायज भएपनि त्यस क्रममा राष्ट्रिय सुरक्षाका दृष्टिले अति संवेदनशील मानिएका महत्वपूर्ण तथ्यांक र अभिलेखहरु रहेका सिंहदरबार, संसद भवन, सर्वोच्च अदालत, राष्ट्र बैंक, लगायतका सरकारी भवन, ब्यक्ति, संघ-संस्था र ब्यापारिक प्रतिष्ठानहरुमा आगजनी र तोडफोड गरिनु अत्यन्तै दुःखदायी घटना हो । यस क्रममा हाम्रो पार्टीको केन्द्रीय कार्यालय, जिल्ला पार्टी कार्यालय भवन, क्षेत्र, नगर समितिका भवनहरु र पार्टी नेताहरुका घर, स्थानीय तह र जिल्लास्थित सरकारी कार्यालयहरुमा आगजनी र तोडफोड गरिएका छन् ।

यो घटनाप्रति हामी दुःख व्यक्त गर्दछौं। र यस्ता घटनाको निन्दा गर्दछौं । "

यस विषम परिस्थितिमा लोकतान्त्रिक पद्धति र प्रक्रियाबाटै राजनीतिक निकास खोज्न आग्रह गर्दै बिज्ञप्तिमा लोकतन्त्रलाई मास्ने देशी-बिदेशी षडयन्त्र भए नेपाली कांग्रेस त्यसको बिरुद्ध हुने स्पष्ट पारिएको छ ।

# झापा उद्योग वाणिज्य संघ

**जिल्ला कार्यालय झापा, भद्रपुर**

## प्रेस विज्ञप्ती

मुलुकभर जेन जी पुस्ताले विभिन्न सुधारका माग राखि सञ्चालन गरेको प्रदर्शनका क्रममा भएको जनधनको क्षति प्रति झापा उद्योग वाणिज्य संघ गहिरो दुःख व्यक्त गर्दछ । प्रदर्शनका क्रममा ज्यान गुमाउनुभएका युवाहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तब्ध परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं । साथै प्रदर्शनका क्रममा घाइते हुनुभएकाहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

मुलुकमा भैरहेको बेथिति, सुशासन, भ्रष्ट्राचाररहित मुलुक, मर्यादित रोजगार, सर्वसाधारण एवम् उद्यमी व्यवसायीले तिरेको राजश्वको सदुपयोगलगायतका विषयमा युवा पुस्ताले देखाएको चासोप्रति सम्वेदनशील हुन नेपाल सरकार, राजनीतिक दलहरु लगायत सम्बन्धित सबैमा हार्दिक आग्रह गर्दछौं । मुलुकमा थप निराशा र अशान्तिको वातावरण कहीं-कतैबाट पनि सिर्जना नहोस् र शान्तिपूर्ण आन्दोलन र त्यसक्रममा अनावश्यक बल प्रयोग नहुनेतर्फ पनि झापा उद्योग वाणिज्य संघ सम्बन्धित सबैको ध्यानाकर्षण गराउन चाहन्छ ।

सामाजिक न्यायसहितको उच्च आर्थिक वृद्धिको वातावरण निर्माण गरेर मात्र मर्यादित रोजगार सम्भव छ । आर्थिक गतिविधि चलायमान बनाउन र मुख्य पर्यटकीय समयमा नेपालबाट सकारात्मक सन्देश विश्वभर प्रवाह गर्न पनि हामी सबैले संयमित भई सम्वाद र सहकार्यका माध्यमबाट समृद्धितर्फको यात्रा तय गर्नुपर्छ ।

आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन सरकारलगायत सम्पूर्ण सबै राजनीतिक दलहरु एवम् जेन जी पुस्तामा अपील गर्दै युवाहरुको चहनाअनुरुप नागरिकको सरकारी सेवामा सहज र मर्यादित पहुँच, स्वतन्त्र भएर पेशा व्यवसाय गर्न पाउने उपयुक्त वातावरण सिर्जना गरी समुन्नत समाज निर्माणमा योगदान पुर्याउन सरोकार सबैमा हार्दिक आग्रह गर्दछौं ।

**प्रज्वल राई**
**अध्यक्ष**



## सम्पादकीय

# नेपालीको भविष्य उज्यालो कि अन्यौल ?

जेन–जीका नाममा भएको आन्दोलनले नेपालीका लागि नयाँ आशासंगै भविष्य अन्यौल बनाएको छ ।आन्दोलनपछि विध्वंशसँगै अन्योल, अनिश्चितता र अराजकताको चरमरूप प्रकट भइसकेका छन् । अन्तिममा देखिने 'आशा' भने अझै स्पष्ट र सुनिश्चित भइसकेको छैन । यसैबीच राष्ट्रपति रामचन्द्र पौडेलले जारी गरेका विज्ञप्ति 'पान्डोराको बाकस'कै जस्तो आशाको सन्देश दिएको छ । आन्दोलनकारी राजनीतिक सिद्धान्तमा आधारित त थिएन तर अभिव्यक्ति स्वतन्त्रता र भ्रष्टाचार नियन्त्रणका पक्षमा भएकाले लोकतान्त्रिक समाज निर्माणका पक्षमा थियो भन्न सकिन्छ । एक्काइसौं शताब्दीमा हुर्केका नवयुवा लोकतन्त्र र सामाजिक न्यायका पक्षमा हुनु अस्वाभाविक पनि होइन ।

यसबीच सरकार निर्माणका सन्दर्भमा भएको अन्योलले भने नेपाली समाजमा अनेकौं शक्ता र निराशा उत्पन्न हुन थालेको छ । संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरूले संविधान जोगाउन र संसद्बाट समाधान निकाल्नुपर्ने सुझाव दिन थालेका छन् । यद्यपि, संसद्बाट अर्को सरकार गठन गर्ने विषयमा आन्दोलनकारीले असहमति प्रकट गरिसकेका छन् ।

यस्तो अवस्थामा सर्वमान्य समाधान पहिल्याउनु निकै कठिन हुने देखिन्छ । यसैले परिवर्तनका वाहक युवाले बुद्धिमत्ता देखाउनु आवश्यक हुन्छ । अहिले गठन हुने सरकारले सङ्क्रमणकालको व्यवस्थापन गर्ने भएकाले यसबाट धेरै अपेक्षा गर्नु मिल्दैन । यस्तै लोकतन्त्रमा कसैलाई पनि निषेध गर्न सकिँदैन ।

'रात रहे अग्राख पलाए' भन्ने उखान प्रचलित छ नेपाली समाजमा । सरकार गठनमा जति विलम्ब हुन्छ परिवर्तन विरोधीमात्र होइन परिवर्तनलाई प्रतिगमनको भऱ्याङ बनाउन खोज्नेहरूले पनि उति नै बढी चलखेलको मौका पाउँछन् । प्रतिक्रान्ति हुन नदिनका लागि पनि अविलम्ब आन्दोलनलाई संस्थागत गर्न नागरिक सरकार गठन गरियोस् ।

अहिले राजनीतिक दलका केही नेताले भनेजस्तो संसद्बाट अर्को सरकार गठन हुनसक्ने अवस्था देखिँदैन । यस्तै, संविधान खारेज गरिएमा सङ्क्रमणकाल नै कहिल्यै अन्त्य नहुने अवस्थामा पुग्ने जोखिम छ । यसैले यही संविधानमा टेकेर संसद्बाहिरबाट सरकार गठन गर्न सबै सहमत हुनुपर्छ ।

आन्दोलनकारीको माग संसद् विघटन र भ्रष्टाचार नियन्त्रण रहेको छ । नयाँ सरकारले निर्वाचनको मितिसहित प्रतिनिधि सभा विघटनका लागि राष्ट्रपतिलाई सिफारिस गर्ने र सोअनुसार राष्ट्रपतिले संसद् विघटन गर्ने मार्गचित्र पनि तय गरिनु उचित हुनेछ । यही संसद्बाट समाधान निकाल्ने जिद्दीले सङ्क्रमण लम्बिनेबाहेक अरू उपलब्धि हासिल हुनेछैन ।

एक्काइसौं शताब्दीमा जन्मे हुर्केर वयस्क भएका यति ठूलो क्रान्तिको नेतृत्व गरेका युवालाई पक्कै थाहा होला अबको नेपाल मध्ययुगमा जस्तै एक्लै रहन सक्दैन । विश्वको साथ पाउनका लागि शासनलाई लोकतान्त्रिक वैधता आवश्यक हुन्छ । यसैले पनि अबको मार्गचित्र लोकतान्त्रिक हुनैपर्छ ।




# विकासको स्थानीय परिभाषा



• गोपीनाथ मैनाली

विकास मानवीय आवश्यकता पूर्ति गर्ने गतिशील प्रक्रिया हो । प्राकृतिक स्रोत कुनै पनि मुलुकको विकास र समृद्धिको पहिलो आधार हो । दिगो विकासका लागि भौतिक तथा मानवीय साधनका साथै प्राकृतिक साधनको निकै महत्वपूर्ण स्थान छ । प्राकृतिक साधन उपयोग मात्र होइन, संरक्षण पनि गरिनु पर्छ, उपयोगका लागि पनि विवेकशील हुनु पर्छ । कतिपय मुलुकका लागि प्राकृतिक स्रोतको अभावमा विकास र समृद्धिको यात्रा निकै कठिन छ । कतिपय अल्पविकसित मुलुक प्राकृतिक साधनको अनुपयोग वा अव्यवस्थित उपयोगका कारण विकासको सम्भावना भईकन पनि विकास प्राप्त गर्न सकिरहेका छैनन् । नेपाल प्राकृतिक स्रोत र सम्पदामा धनी छ तर व्यवस्थापन र उपयोगका दृष्टिमा पछाडि । सजिलो र देखिएका स्रोतको उग्र दोहन छ, नदेखिएका स्रोत अनुपयोग छ । अत्यधिक दोहनले दिगो विकासलाई सिधै हाँक दिइरहेको छ भने उपयोग नभएका स्रोतले दिगो विकासलाई खिज्याइरहेको छ ।

प्राकृतिक स्रोतको उपलब्धताका आधारमा नेपाल सानो मुलुक होइन, न भौगोलिक आयतनका आधारमा नै । भूगोलको आधारमा नेपाल ९३ औं ठुलो मुलुक हो, नेपालभन्दा साना सयभन्दा बढी मुलुक छन् । साना मुलुक विकसित हुँदैनन् भन्ने बुझ्नु पनि हुन्न । बेल्जियम, लक्जेम्बर्ग, स्विट्जरल्यान्ड, सिङ्गापुर नेपालभन्दा साना तर विकासित मुलुक हुन् । सार्ककै कुरा गर्ने हो भने पनि बङ्गलादेश, श्रीलङ्का, भुटान, माल्दिभ्स नेपालभन्दा साना छन् । मुलुक सानो वा ठुलो हुनु एउटा कुरा हो । विकासको सम्भावना, स्रोत सम्पदाको उपलब्धता अर्कै कुरा हो । सबै मुलुकलाई प्रकृतिले कुनै न कुनै सम्भावना दिएको हुन्छ । कही प्राकृतिक स्रोतको प्रचुर उपलब्धता हुन्छ, कही अवस्थितिले नै फाइदा दिएको हुन्छ, कही जनसङ्ख्या वा प्रविधिको विशिष्ट परिवेश हुन्छ । उपलब्ध स्रोतसाधनको आदर्श अभ्यास गरेर मुलुक आफ्ना आवश्यकता पूरा गर्दै अन्य मुलुकसँग सम्बन्ध विकास र सहकार्य गर्छन् ।

प्राकृतिक सम्पदा जीवनका आधार हुन्, राष्ट्रिय विकासमा उत्तिकै महत्वपूर्ण छन् । त्यसैले प्रकृतिका यस्ता स्रोतको उपयोग र संरक्षणको विषयमा उच्च सावधानी चाहिन्छ । प्राकृतिक स्रोतको उपयोगमा तत्कालको फाइदा र दीर्घकालको हानी हुने रणनीति लिनु हुँदैन । फेरि यो आर्थिक दृष्टिकोणबाट मात्र हेरिने विषय पनि होइन । प्राकृतिक स्रोत व्यवस्थापनका आर्थिक, सामाजिक, वातावरणीय र सांस्कृतिक आयाम छन् । पानी, खानी, वन र भूमिलाई प्राकृतिक स्रोतमा लिइन्छ । यी चार प्राकृतिक स्रोतका आधारमा नेपालले दिगो विकास र समृद्धि प्राप्त गर्ने क्षमता राख्छ । भूमिको उपलब्धता र उपयोगको दृष्टिमा नेपालमा धेरै काम गर्नुपर्ने अवस्था छ । नेपालको कुल क्षेत्रफल एक लाख ४७ हजार ५१६ वर्ग किमी (५६ हजार ९५६ वर्ग माइल) मध्ये ९२.९४ प्रतिशत भूमि र बाँकी ७.०६ प्रतिशत जलक्षेत्र पर्छ । कुल भूमि क्षेत्रको २८.७५ प्रतिशत कृषियोग्य छ । कृषि जमिनको एक तिहाइ बाँझो छ । भूमिको उपयुक्त व्यवस्थापनका लागि भूमि नीति, भूउपयोग नीति र भूउपयोग ऐन जारी छन् । भूमि प्रशासनका लागि छुट्टै भूमिसम्बन्धी ऐन कार्यान्वयनमा छ । भूमिलाई उपयोगभन्दा प्रशासन र उत्पादनभन्दा स्वामित्वको विषय बनाइएकाले भूउपयोग ऐनभन्दा भूमि प्रशासन कानुनको बोलवाला छ । भूमिको खण्डीकरण भइरहेको छ । नीतिमा भनिए झैं चक्लाबन्दीले प्रश्रय मात्र नपाएको होइन कि स्वामित्व संस्कृति र राजनीतिक चाहना पनि स्वामित्वमुखी छ, संविधानले पनि सबै नागरिकलाई भूमिको स्वामी बनाउन चाहेको छ । भूमि र मानिस अनुपात असन्तुलित छ, कतै अधिक र कतै न्यूनउपयोग/अनुपयोग छ । वितरणमुखी अभ्यास र भूमिमाथिको राजनीतिको कारण ठुलो सम्भावना भएको भूमिस्रोत उत्पादनको साधन बन्न सकेन, पर्याप्त भूमि भईकन खाद्य वासलात खाद्य सुरक्षाको सङ्केत गरिरहेको छैन ।

भूमिपछिको व्यवस्थापन संवेदनशीलतामा ल्याउनुपर्ने अर्को प्राकृतिक स्रोत वन हो । औपचारिक आँकडामा ४४.७४ प्रतिशत भूभाग वनले ढाकेको छ । वनको परिभाषामा रहेको अवैज्ञानिकताका कारण पनि वास्तविक वनक्षेत्र यति नै हो भनेर भन्न सकिने अवस्था छैन । वनको यथार्थ नापनक्सा पनि भएको छैन । स्वामित्व र संरक्षणका हिसाबमा सरकारी, सामुदायिक र निजी भनेर वनक्षेत्रलाई लिने गरिन्छ । करिब २२ लाख हेक्टर वन २२ हजार सामुदायिक वन उपभोक्ता समितिले संरक्षण र उपयोग गरिरहेका छन् । वनक्षेत्रभित्र झाडी, चरण र पोथ्रा वनस्पतिको आधिक्यता छ । पर्यावरणीय सन्तुलन र सौन्दर्यका लागि झाडी/पोथ्राको महत्व भए पनि आर्थिक उपयोगिताका दृष्टिमा ती नगण्य छन् । वन आर्थिक साधन पनि हो र वनको व्यवस्थापनबाट धेरै आर्थिक लाभ, पर्यावरणीय सेवा र वातावरणीय सन्तुलन एकसाथ कायम गर्न सकिन्छ भन्ने उदाहरण मलेसिया, न्युजिल्यान्डलगायतका मुलुकबाट लिन सकिन्छ ।

नेपालमा भने इन्धन आपूर्ति र दैनन्दिनी घरायसी आवश्यकता पूर्तिमा वन सम्पदाको उपयोग भएको छ । वन नगदे खेती, व्यवसाय र उद्योग हो, वनपैदावार नवीकरणीय वस्तु हुन् भन्ने सोच भित्रिसकेको छैन । नेपालमा रहेका ११८ मध्ये ८० पारिस्थितिक प्रणाली वनक्षेत्रमा छन् । वनजङ्गल, सिमसार तथा संरक्षित क्षेत्र जैविक विविधताका खानी हुन् । प्राणी वनस्पतिको सम्बन्ध, पर्यावरणीय सन्तुलन, मानवीय जीवनका लागि चाहिने सेवाहरू यसैले धानिरहेको छ । वन र जलाधारको एकीकृत व्यवस्थापन गरेर भूक्षय नियन्त्रण गर्न सकिन्छ, जैविक विविधता संरक्षण गरेर जीवन सहायता प्रणाली सहज बनाउन सकिन्छ । रोजगारी सिर्जना र आर्थिक वृद्धि गर्न सकिन्छ । हरियो वन नेपालको धन भन्ने कहावत त्यतिकै आएको होइन तर तहगत सरकार, समुदाय र राजनीतिक तह अपेक्षित संवेदनशीलतामा छैन । परिणामतः वनक्षेत्र विनास हुनुका साथै जैविक विविधता, पारिस्थितिक प्रणाली, जलाधार र वातावरणीय चुनौती देखिँदै छन् । उच्च हिमाली क्षेत्रमा वन प्रणाली अस्तित्वको सङ्कटमा छ । त्यहाँ वयस्क रुख काटिएपछि पुनः त्यही अवस्थामा पुग्न शताब्दी पर्खनु पर्छ । यार्चा, पाँचऔंले, पाखनभेद, कदमचाललगायतका हर्बल वनस्पतिको दोहनका कारण पनि कर्णालीका पाखा क्रमशः चिसो मरुभूमितर्फ धकेलिएका छन् ।

प्राकृतिक स्रोत व्यवस्थापनको तेस्रो क्षेत्र पानी हो । पानी वा जलस्रोत व्यवस्थापन वन तथा भूमिको व्यवस्थापनसँग जोडिने गर्छ । नेपालमा करिब छ हजारजति हिमनदीबाट वार्षिक दुई खर्ब २४ अर्ब ३१ करोड घनमिटर पानी बगिरहेको छ । नदी डाइभर्सन, नदी मिलान, सिँचाइ, ऊर्जा, घरायसी उपयोग, मनोरञ्जन र पानी प्रशोधन व्यवसायमा यसलाई उपयोग गरी बहुपक्षीय फाइदा लिन सकिन्छ । एक्काइसौँ शताब्दीमा पानी निःशुल्क प्राकृतिक साधन मात्र होइन, बहुउपयोगको विषय पनि हो ।

नेपाल हिन्दकुश क्षेत्रको ताजा पानीको भण्डार हो, हिमाल ताजा पानीका अजस्र स्रोत हुन् । अपार सम्भावना र प्रशस्त फाइदा दिन सक्ने जलसाधनको व्यवस्थापन गर्न नेपाल पछाडि परेको छ । पानी उपयोगमा कहिले राष्ट्रियताको मुद्दा प्रखर बन्छ, कहिले स्थानीयताको । तापमान वृद्धिका कारण हिमाल उच्च जोखिममा छन् । वनविनाश, भूमि अतिक्रमण, भूस्खलनले जलाधार रित्तिँदै छ । परम्परागत पोखरी/हिटी, इनार र कुवाको अस्तित्व नै मेटिएको छ । भूमिगत पानीको उग्र दोहनले पानीको तह तल सर्दै छ, जमिन भासिँदै छ । पानीको सही व्यवस्थापन गर्न नसक्दा प्रचुरतामा अभाव देखिएको छ । यसले तत्काल जनस्वास्थ्य, उत्पादन प्रणाली, वातावरण चक्रमा प्रभाव पार्दै छ भने दीर्घकालीन रूपमा प्राणी-वनस्पतिको जीवन अस्तित्वमा नै प्रतिकूल हाँक दिएको छ । अहिलेको पुस्ता आफ्नै सन्ततिप्रति जिम्मेवार देखिएको छैन ।

प्राकृतिक स्रोतको नदेखिएको क्षेत्र खनिज सम्पदा वा भूगर्भ हो । खनिजलाई पनि धातुजन्य र गैरधातुजन्य वर्गमा राखेर उल्लेख गरिन्छ । नेपालको भौगोलिक/भौगर्भिक बनोट, भूअवस्थिति र प्राकृतिक अवस्था हेर्दा खनिज/खानीजन्य सम्पदाको पनि धेरै सम्भावना छ । दुई हजार पाँच सय किमी हिमाली क्षेत्र खानीका स्रोत मानिन्छन् । पहाड अभ्रक, तामा, फलाम, सिसा, ढुङ्गाजन्य वस्तुको क्षेत्र हो । उपत्यका, पहाड तथा तराईका केही भूभागमा प्राकृतिक ग्यास/पेट्रोलियम, कोइलाको सम्भावना छ । युरेनियम जस्ता बहुमूल्य वस्तु पाउन सकिने सम्भावना आकलन गरिएको थियो । नेपालको फलाम गुणस्तरका माथिल्लो रहेको धौवाजी फलाम कारखानाको परीक्षणबाट देखिएको छ । खानी विभागले ६३ प्रकारका खनिज पदार्थको पहिचान गरेको प्रकाशमा थियो । उसका अनुसार फलाम ८० र तामा १०७ स्थान सम्भाव्यतामा छन् । ढुङ्गाजन्य (लाइमस्टोन, मार्बल, खरिढुङ्गा, ग्रेनाइट आदि) खानीको सम्भावना धेरै छ । ठुलो सम्भावनाका खानीजन्य वस्तुको भौगर्भिक खनिज सम्पदाबाट मुलुकले कुल गार्हस्थ उत्पादनमा केवल २.४ प्रतिशतको मात्र फाइदा पाएको छ । धेरै जसो खानी/खनिज पहिचानको चरणमा छन् । कतिपय खनिज सम्पदाको उत्खनन र उपयोगमा भौगोलिक र सामाजिक जोखिम पनि छन् ।

प्राकृतिक स्रोत व्यवस्थापनका लागि संवैधानिक निर्दिष्ट अनुरूप नीति संरचना बनेका छन् । प्राकृतिक स्रोतको प्रयोग र त्यसबाट प्राप्त हुने लाभ राज्यका तहबिच सामन्यायिक रूपमा वितरण गर्ने व्यवस्था छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापनका लागि लिनुपर्ने कदमका विषयमा सरकारलाई सुझाव दिने, मापदण्ड बनाउने र लाभ लागतको विभाजन गर्ने जिम्मेवारी भए पनि आयोग रोयल्टीको हिसाबभन्दा माथि उठ्न सकेको छैन । तहगत सरकार योजना र विकास कार्यक्रममा प्राकृतिक स्रोतको मूल्य अभिवृद्धि गर्न र पारिस्थितिक प्रणालीप्रति ध्यान दिन सकेका छैनन् । तिनै तहका सरकारले 'गुड इकोलोजी इज गुड इकोनोमी' को मान्यतामा प्राकृतिक स्रोतको संरक्षण र उपयोग गरेपछि मात्र प्रचुर उपलब्ध प्राकृतिक साधन नेपालको दिगो विकासको आधार बन्न सक्छ ।

# प्रशासनिक गतिशीलताका चुनौती



• ठाकुरप्रसाद बस्ताकोटी

मानव सभ्यता र विकासबारे जिज्ञासा राख्दा करिब २० हजार वर्षपूर्व हाम्रा पुर्खा जङ्गली अवस्थामा रहेको अनुमान गरिन्छ । उनीहरूको जीवनशैली फिरन्ते र जनावर झैँ गुफामा वा ओढारमा बसी जङ्गली हिंस्रक जनावरबाट बच्ने उपायतर्फ लाग्न थालेका थिए । जाडो र गर्मीको यातना सहनुका साथै हावाहुरी बतास, वर्षा आदि प्राकृतिक प्रकोपका यातना सहनुपर्ने बाध्यता थियो । त्यतिबेला वनका कन्दमूल, फलफूलका साथै जनावरका मासु नपकाई खाने गर्थे । त्यसबेला आगो कसरी बाल्ने पत्तो थिएन ।

समयक्रमसँगै मानिसले जङ्गली अवस्थामै हुँदा दुई वस्तुलाई बेस्सरी रगडेर आगो निस्कन्छ भन्ने बुझ्न थाले । यो नै मानव सभ्यताको प्रथम चरण मान्न सकिन्छ । यसपछि मानिसले जङ्गली पशुलाई आफू बसेको ठाउँमै राखी रत्याउन थाले । तिनको उपयोगिता बुझ्दै आए । ती जनावरबाट दुध, मासु र छालाको उपयोग गर्न सिके । पाल्तु पशुहरूको फाइदा लिन जान्नु मानव सभ्यताको दोस्रो अवस्था थियो । मानिसले बोटबिरुवा कसरी उब्जनी हुन्छ भन्ने अनुसन्धान गर्न थाल्यो । अनि उसले पत्ता लगायो कि बोटबिरुवाको बिउ माटोमा उब्जिएर आउने र फल दिने गर्दा रहेछन् भन्ने कुरा । त्यसपछि आफ्नो जीवननिर्वाहका लागि खेतीपाती लगाउने नौलो कुरा पत्ता लाग्यो । यो नै मानव सभ्यता विकासको ठुलो फड्को बन्न गयो ।

त्यसपछि मात्रै मानिसले स्थायी बसोबासको कल्पना गर्न थाल्यो । स्थायी बसोबासका लागि नदीको किनार वा पानीको मुहाननजिक भएको ठाउँ वा समुद्रतट रोज्न थाले । त्यहाँ पिउनका लागि पानी, खेतीपातीका लागि रसिलो जमिन, गाईवस्तुका लागि हरियो घाँसपात हुने भयो । मानिसले आरम्भमा बस्न थालेका ठाउँहरू पछि सभ्यताका ठुलठुला केन्द्र बन्न थाले । उदाहरणस्वरूप टाइग्रिस र इयुफ्रिटिज नदीका किनारमा रहेको मेसोपोटमियाको सभ्यता, नाइल नदीका तटमा अवस्थित मिश्र सभ्यता नीलघाँटी र सिन्धुघाँटीको सभ्यताका सचियाङ्सी, वाङ हो र सिक्याङ नदीको किनारमा विस्तारित चिनियाँ सभ्यताको प्रसङ्ग पनि उल्लेखनीय छ ।

मानिसले यस किसिमको अज्ञानताको अँध्यारो अवस्थाबाट पनि अनेक जुक्ति र बुद्धि लगाएर भोक, रोग, घाम, पानी, जाडो, गर्मी र अन्य दैवी प्रकोपबाट बच्दै नयाँ नयाँ कुरा पत्ता लगाउँदै आयो । त्यसबेलासम्म पनि उसमा कुनै औपचारिक शिक्षाका सम्बन्ध कुनै ज्ञान थिएन तर नयाँ कुराप्रतिको जिज्ञासा र खोजी गर्ने तिर्खा भने तीव्र गतिमा बढ्दै आएको पाइन्छ । अब मानिसले व्यवस्थित बस्तीको चाहना राख्न थाल्यो । त्यहाँ अनुशासन र नियम पालनबिना व्यवस्थित बन्न नसक्ने कुरो बुझ्यो । अनि नगर राज्यको क्रमैसँग स्थापना हुन थाल्यो । नगरको विकाससँगै औद्योकीकरणको कल्पना बढ्दै आयो । मध्ययुगतिर आएर कपडा बुन्ने, घर बनाउने जस्ता काम पनि सिक्न थाले । यसका लागि कुनै शिक्षक, पाठ्यपुस्तक वा विद्यालयबाट सिकेर गर्न थालेका होइनन् । तिनले आफ्ना सभ्यताका हरेक फड्को स्वतः स्फूर्त रूपमा सिक्दै अघि बढेका हुन् ।

मानिसमा आएको औद्योगिक सभ्यताको श्रमको विभाजनका साथै विशिष्टीकरणतर्फ पनि अग्रसर हुन थाल्यो र औद्योगिकीकरणतर्फ बिस्तारै लम्कँदै आयो । यसरी मानिसको सभ्यता र सिप एकअर्काका परिपूरक बन्दै प्राचीन कालदेखि नै आए । सिपको विकाससँगै उसमा निहित कलात्मक प्रकृतिको पनि गहनतम भूमिका रहँदै आएको कुरा मानव सम्यताको इतिहासले स्पष्ट पार्छ । हुन त मानिसका अनन्त चाहना भएता पनि बाँच्नका लागि नभई नहुने उसका आधार भूत आवश्यकता भनेका गाँस, बास, कपास जस्ता कुरालाई पहिलो प्राथमिकतामा पर्छ । यसपछि मात्र मानिसले आफ्ना विचार र कार्यलाई सुन्दर ढाँचामा प्रस्तुत गर्दै आयो । अनि आफ्ना अभिव्यक्तिलाई प्रकाश गर्न अनेक शब्दको संयोजन गरी सिर्जना बढाउन थाल्यो ।

त्यो पनि मानिसले अनेक बल बुद्धिले पत्ता लगाई आफ्ना मनका कुरा भाषामा कोर्न जान्यो र सुन्दर साहित्य सिर्जनातर्फ पनि वामे सर्न थाल्यो । मनका कुरा बोलेर लेखेर अरूको समक्ष पुऱ्याउन सक्ने भयो । अनि गणितीय बुद्धि जुक्ति पनि मानिसमा आयो । ऊ चित्र कोर्न सङ्गीत रचना गर्न काठ र धातु जस्ता वस्तुको सजीव मूर्ति निर्माण गर्न जान्यो ।

मानिस स्वभावैले बौद्धिक प्राणी भएकाले हरेक विषयमा जान्ने बुझ्ने प्रयत्न निरन्तर जारी राख्दै आयो । आफूले जानेका ज्ञान र सिपलाई पछिल्लो पुस्ताका लागि पनि काम लाग्ने हुँदै आयो । यस्ता कुराको सहजता अक्षर र अङ्कको आविष्कारबाट हुन गयो । मानिसले भाषा लेख्न र बोल्न नजानेको भए आफ्ना विचार, धारणा र अनुभव अरूका लागि उपयोगी बन्ने थिएन ।

हाम्रा पूर्वजहरूको अनुभूति र ज्ञानलाई लिखित रूपमा सञ्चय गर्न जान्दै आएबाट नै सुधारका क्रमहरू पनि बद्लिँदै फेरिँदै आए । आज मेसिन युगको आकर्षक उपकरणको प्रयोगले उत्पादनको छेलोफेलो देखिँदै आयो । मानिसका बौद्धिक प्यास मेटाउने शैक्षिक संस्था स्थापना हुन थाले । क्रमशः विद्यालय, विश्वविद्यालय, पुस्तकालय स्थापना हुनुका साथै समसामयिक वस्तुस्थितिको जानकारीका लागि रेडियो, टेलिभिजन, पत्रपत्रिका आदि नभई नहुने हुन् । यिनकै माध्यमबाट नै मानिसले धेरै कुरा सिक्दै र बुझ्दै आए ।

शिक्षाको माध्यमबाट मानिस सभ्य सुसंस्कृत समय उपयोगी बन्दै आयो । ऊ विवेकी, ज्ञानी, मानवीय संवेदनशीलता, सत्य, निष्ठा, गम्भीर, संयमी र विनयशील बनाउनमा शिक्षाको ठुलो भूमिका रहँदै आयो । शिक्षाले नै मानवीय आत्माको सही र सुन्दर पक्षलाई प्रकाशित गर्दै गुणी, विवेकी, सत्य र असत्य छुट्याउन सक्ने क्षमतावान् बनाउँछ । समाजमा रहनका लागि मिलनसार र सहयोगी पनि शिक्षाले नै गराउँछ । प्रश्न उठ्छ के आजको शिक्षामा यस्ता गुण उपलब्ध छन् ?

हाम्रो वर्तमान शैक्षिक ढाँचा ज्ञान र सिपयुक्त छन् ? हाम्रो शिक्षा यथास्थितिबाट कति मुक्त छ ? प्रस्तुत सन्दर्भमा यस्ता कुरा उठ्नु स्वाभाविकै छन् । शिक्षाका कुरा उठ्दा जहिले पनि समाजका लागि कस्तो शिक्षा नीति र कार्यक्रम अवलम्बन गर्ने हो यस सम्बन्धमा ठुलठुला सवाल उठी रहन्छ ।

शिक्षालाई सधैँ सामाजिक दृष्टिले हेरिने भिजन नभई हुँदैन । शिक्षाका माध्यमबाट नै समाजको प्रगति, उन्नति र समृद्धि हुँदै जाने हो । व्यक्तिमा हुने जीवनोपयोगी सिप तथा व्यवहार र उसमा हुने मानवीय मूल्यमान्यतामा आधारित हुन्छ । मानवीय मूल्य भन्नाले उसमा निहित सत्य, धर्म, शान्ति, प्रेम र अहिंसाका बाटो हुन् । शिक्षाको उद्देश्य हरेक मानिसमा निहित प्रतिभालाई प्रस्फुटन गराई तिनको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु हो ।

विद्यालयमा प्रवेश गरेपछि जुन संस्कार विद्यार्थीमा विकास हुने हो त्यो क्रमशः विकास भई व्यवहारमा ल्याउन सके मात्र त्यो शिक्षाको प्रयोजन हुन आउँछ । शिक्षा भनेको नै विद्यार्थीले शिक्षण सिकाइबाट सिप आर्जन गरी सिर्जनात्मक चेत खोली उन्नत जीवनतर्फ उन्मुख हुनु हो । प्रवृति परिवर्तनका लागि चेतना र सोचमा सुधार नआई हुँदैन असल चरित्र निर्माणमा असल शिक्षा चाहिन्छ ।

शिक्षा नै मानव विकासको पूर्वाधार भएकाले मानव इतिहास सभ्यता र संस्कृतिको आधारशिला पनि हो । यसैबाट राजनीतिक र सामाजिक परिवर्तनको जागरण हुने हो । अतः शिक्षा प्रणालीलाई प्रभावकारी सिर्जनशील जीवनोपयोगी र उत्पादनमूलक नभई हुँदैन । शिक्षा सामाजिक परिवर्तनको संवाहक हो । समाज विकास र परिवर्तनका लागि आवश्यक पर्ने जनशक्ति निर्माण शिक्षाबाट हुनु पर्छ अनि मात्र ती दक्ष र सक्षम नागरिक हुन्छन् र तिनकै सिप, ज्ञान र बुद्धिका आधारमा देशको विकास हुने हो । इतिहास र मानव सभ्यतासँगै हाम्रो मुलुक गणतन्त्रमा प्रवेश भएको छ तर अझै शिक्षा क्षेत्र सुधार केवल नारामा सीमित छ । शिक्षालाई समयोचित विकास विस्तारमा ध्यान दिई मानव सभ्यताको इतिहाससमेत मनन गरी युगानकूल शिक्षाको स्थान अपरिहार्य छ ।

# न्याय सम्पादनमा जिल्ला अदालत



• प्रकाश अधिकारी

सार्वजनिक बिदा बाहेकका दिनहरूमा भरमुलुक नेपालका अदालतहरूले गर्ने फैसलाहरूले हजारौँ मानिसको दैनन्दिनलाई प्रभावित गरिरहेको हुन्छ । कुनै फैसलाको असर मुद्दाका पक्षहरूसम्म सीमित रहन्छ भने व्यक्तिको अधिकार, प्राप्त गर्ने लाभहरू र प्रतिपादन हुने सिद्धान्तहरूले सबै नेपाली नागरिकलाई दूरगामी प्रभाव पार्ने फैसलाहरू पनि हुने गर्छन् । अदालतको फैसला कसैले इच्छा गरोस् वा नगरोस् कसैको बिरुद्ध दिइन्छ अर्थात् अदालतको फैसला कसैको इच्छा वा विचारमा आधारित हुँदैन । त्यसैले फैसलाप्रति सबैको सहमति नहुन सक्छ, बिमति पनि रहन्छ । तर, फैसलाको वैधानिकता र कानुनको अन्तिम ब्याख्याता अदालत भएको कुरालाई सबैले स्वीकार गर्छन् । संविधान बमोजिम "मुद्दामामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नुपर्छ" । नेपाली नागरिकको कानुनको शासनप्रतिको दृढ विश्वासलाई साकार पार्न अदालत जत्तिको तागतदार संस्था र विद्यमान न्यायिक प्रणालीको विकल्प देखिएको छैन ।

नागरिकहरु सुरक्षित रहनुमा राज्यको सरोकार हुन्छ । नागरिकलाई सुरक्षित गर्ने न्यायले राष्ट्रको सार्वभौमसत्तालाई मजबुत बनाउँछ । आकाशै खसेपनि न्याय दिने कामबाट बिचलन नहोस्, यसै मेसोमा भनिएको हो । न्यायको लागि दायर गरिने मुद्दामामिलाको कारबाही, सुनुवाई र किनारा प्रचलित कानुन र प्राकृतिक न्याय एवं शुद्ध अन्तःकरणको आधारमा अदालत वा न्यायिक निकायद्वारा गरिने संसारभरिको अभ्यास छ । नेपालमा न्याय सम्बन्धी अधिकार संविधान, अन्य कानुन र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिन्छ ।

संविधानद्वारा गठित जिल्ला अदालत सामान्यतः आफ्नो जिल्लाभित्रको जुनसुकै प्रकृतिका मुद्दाको शुरु कारबाही, सुनुवाई एवं किनारा गर्ने पहिलो न्यायिक निकाय र नियमित अदालत हो ।

बि.सं. २०३१ सालमा प्रत्येक विकास जिल्लामा शुरु तहको अदालतमा जिल्ला अदालत राख्ने सरकारी नीति भएर तदनुरुप प्रत्येक जिल्ला सदरमुकाममा मुकाम रहने हालका जिल्ला अदालतहरू गठन गरिएका हुन् । सङ्खुवासभा जिल्ला अदालतको मात्र सदरमुकाम बाहिर चैनपुर मुकाम तोकिएको छ । जिल्ला अदालतमा मुद्दाको चाप अनुसार कम्तिमा एक जनादेखि आवश्यक संख्यामा थप जिल्ला न्यायाधीशहरू रहन्छन् । एकल न्यायाधीशको इजलासद्वारा अदालतको अधिकारक्षेत्र प्रयोग हुन्छ । राज्य बिरुद्धका कसूर र समाज बिरुद्धका ज्यानसम्बन्धी, महिला र बालबालिका हिंसा, चोरी तथा डाँका, ठगी जस्ता परम्परागत तथा सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता बिरुद्धका कसूर, राष्ट्रिय तथा सार्वजनिक सम्पदा बिरुद्धका कसूर, भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी मुद्दाहरू जिल्ला अदालतको फौजदारी क्षेत्राधिकारमा पर्छन् । देवानीमा अंशबण्डा, नाता कायम, बालबालिकाको संरक्षकत्व, धर्मपुत्र, धर्मपुत्री, सम्बन्ध विच्छेद, विवाह, अपुताली, जग्गाको साँध सीमाना, लेनदेन, करार, दुष्कृति आदि मुद्दाहरू जिल्ला अदालतमा दायर गर्नुपर्छ । जिल्ला अदालतको कार्यबोझ स्थानविशेषको जनघनत्व, आर्थिक गतिविधि, मानिसको गतिशीलता, चेतना र आर्थिक पूर्वाधारहरूको बिकासले असर पारिरहेको हुन्छ । विभिन्न कालखण्डमा नेपाली समाजमा भएका थरिथरिका आन्दोलनहरूले समाज एवं परिवारको मूल्य व्यवस्थामा गुणात्मक परिवर्तनहरू भइरहेका छन् । संयुक्त परिवार एकाकी भइरहेछ । प्रविधिमा भएको विकास, जस्तो, बिजुली, धारा, ग्याँस, फ्रिज, फोन, बस जस्ता यातायात सुविधाले आम मानिसको जीवनलाई बदलिदिएको र जीवन स्तर उठाएको छ । प्रविधिको प्रभावले परिवारमा आत्मनिर्भरता, व्यावसायिक र जनसंख्या गतिशीलता, नातेदारी बफादारीको अपेक्षा अन्तरवैयक्तिक सम्बन्धमा अधिक निर्भर रहने समाजको प्रादुर्भाव भइरहेछ । शिक्षा र बढिरहेको आर्थिक स्वायत्तताले महिला, दलित, सीमान्तकृत वर्ग र समुदायमा आत्माभिमान एवं स्वतन्त्रता अभ्युत्थान भएको छ । समाज र परिवार अब कुनै जात, धर्म वा वर्ग प्रधान नभएर समतावादी (इक्विलिटरियन) भएर गइरहेको अदालतमा परेका मुद्दाको प्रकृति र परिमाणले दर्साउँछ ।

सर्वोच्च अदालतको हालै प्रकाशित वार्षिक प्रतिवेदन २०८०।०८१ अनुसार गत आवको आरम्भसम्ममा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा मुद्दाको लगत ४९२८३७ थियो । यी मध्ये सर्वोच्च अदालतमा ४२ ९१७, उच्च अदालतहरूमा ८४५३३ र जिल्ला अदालतहरूमा ३६५३८७ मुद्दाहरू थिए । उक्त आवमा सर्वोच्च अदालतले ३८.८९ प्रतिशत अर्थात् १६६८९ मुद्दा फछ्र्यौट गरेको, उच्च अदालतले ५९१९८ मुद्दा फछ्र्यौट गरी प्रतिशतमा ७०.०३ पुर्याएको र जिल्ला अदालतको प्रतिशतमा ६७.४८ एवं संख्यामा २४६५५५ मुद्दाहरू फछ्र्यौट भए । सो आवमा सबैभन्दा बढी काठमाण्डौं जिल्ला अदालतमा ४९८२७ र सबैभन्दा कम मनाङ जिल्ला अदालतमा ९ मुद्दाको लगत थियो । उच्च अदालततर्फ उच्च अदालत पाटनमा १५१४६ सबैभन्दा बढी र उच्च अदालत जुम्ला इजलासमा सबैभन्दा कम २७९ मुद्दाहरू थिए ।

त्यस आवमा सबैभन्दा धेरै लगत भएको मुद्दा सम्बन्ध विच्छेद थियो । जिल्ला ३९०५४, उच्च १२०६ र सर्वोच्च अदालतमा ६० गरी ४०३२० सम्बन्ध विच्छेद मुद्दा विचाराधीन रहेकोमा जिल्ला, उच्च र सर्वोच्च अदालतद्वारा क्रमशः ३०९०४, ८४० र ८ सोही आवमा फछ्र्यौट भए । सम्बन्ध विच्छेदका अधिकांश मुद्दा मिलापत्र वा एकपक्षीय सुनुवाईद्वारा जिल्ला अदालतबाट नै टुङ्गिन्छन् । सो आवमा सम्बन्ध विच्छेद सहित पारिवारिक विवादका ७९८९७ मुद्दाहरू जिल्ला अदालतमा बिचाराधीन थिए । यी मध्ये ५४६१८ मुद्दा फछ्र्यौट गरी २५२७९ मुद्दाहरू अर्को आवमा सरेको देखिन्छ । अंश, अपुताली, विवाह, मातृत्व वा पितृत्व कायम, धर्मपुत्र, धर्मपुत्री, माथवर जस्ता परिवारको अमनचयनसँग जोडिएका दुई तिहाई भन्दा बढी मुद्दाहरू जिल्ला अदालतबाटै फछ्र्यौट भए । उच्च अदालतमा ६४९७ पारिवारिक विषयका मुद्दा विचाराधीन हुनुले अधिकांश मुद्दाका पक्षहरूले जिल्ला अदालतकै फैसलमा चित्त बुझाएर बसेको अनुमान गर्न सकिन्छ । (उच्च र जिल्ला अदालतको उल्लिखित तथ्याङ्क एकै आवको भएको हुँदा उच्च अदालतमा विचाराधीन उल्लिखित मुद्दा जिल्ला अदालतका अघिल्ला आवहरूका फैसलाउपरको पुनरावेदन हो भन्ने बुझ्नु पर्छ ।)

जिल्ला अदालतमा सम्पत्ति सम्बन्धी मुद्दाको चाप उल्लेख्य देखिन्छ । उल्लिखित आवमा जग्गा, लेनदेन, सार्वजनिक जग्गा, गुठी, लिखत बदर, घर बहाल, दानबकस जस्ता दुनियाँवादी भनिने सम्पत्ति सम्बन्धी ६३४६६ मुद्दाहरू जिल्ला अदालतमा मौजुद रहेकोमा ३४३३६ फछ्र्यौट भएर २९१३० अर्को आवमा सरेका थिए । उच्च अदालतमा यिनै सम्पत्ति विषयका मुद्दा संख्या ९७८८ र सर्वोच्च अदालतमा ६६१२ देखिएबाट मुद्दाको जटिलता, संवेदनशीलता र मुद्दाका पक्षहरूले दिएको महत्वले जिल्ला अदालतको फैसलाउपर धेरै पुनरावेदन पर्ने कुरातर्फ संकेत गर्छ । सम्पत्ति सम्बन्धी मुद्दामा सबैभन्दा बढी जग्गा विषयक १२७७९ मुद्दाहरू जिल्ला अदालतमा थिए, उच्च र सर्वोच्च अदालतमा यो संख्या क्रमशः २३४७ र ३४८६ भएको देखिन्छ ।

फौजदारी मुद्दाको तथ्याङ्क अवलोकन गर्दा उक्त आवमा ज्यानसम्बन्धी जिल्ला, उच्च र सर्वोच्च अदालतको मुद्दाको लगत क्रमशः ४६४२, ४८०१ र २५६० थियो । यी मध्ये सोही आवमा जिल्ला, उच्च र सर्वोच्च अदालतबाट क्रमशः २५४७, ३१२८ र ८६६ मुद्दाहरू फछ्र्यौट भए । ज्यानसम्बन्धी कसूरमा कर्तव्य ज्यान, आवेशप्रेरित हत्या, भवितव्य ज्यान, गर्भपतन, ज्यान मार्ने उद्योग र आत्महत्या दुरुत्साहन पर्छ । जन्मकैदसम्म सजायको प्रावधान भएको करणी सम्बन्धी मुद्दाहरूको सो आवको लगत जिल्लाको ६४५३, उच्चको ४६४९ र सर्वोच्च अदालतको २५७१ भएको देखिन्छ । यी मध्ये सोही आवमा जिल्ला, उच्च र सर्वोच्च अदालतबाट क्रमशः ३८०१, ३२७३ र ६१२ मुद्दाहरू फछ्र्यौट गरिए । परम्परागत कसूर मध्येको चोरी एक गम्भीर सामाजिक अपराध हो । यो बेइमानीका नियतले गरिन्छ । साधारण चोरी, घरको मूल ढोका फोरी वा अन्य बाटोबाट प्रवेश गरी नकबजनीका तरीकाले गरिने चोरी र डाँकालाई चोरी अन्तर्गत राखिन्छ । आव २०८०।०८१ मा जिल्ला, उच्च र सर्वोच्च अदालत गरी ९८९५ चोरी मुद्दाको लगत थियो । जिल्ला अदालतमा मात्रै ६८३६ चोरीका मुद्दा मौजुद भएका मध्ये ४७१५ सोही आवमा फछ्र्यौट भए । उच्च र सर्वोच्च अदालतमा लगत र फछ्र्यौट क्रमशः २८५२ र १८७० तथा २०७ र १०४ भएबाट चोरी मुद्दाको फछ्र्यौट उल्लेख्य देखिन्छ ।

आपराधिक विश्वासघात, लाभ, प्रवेश तथा उपद्रव, ठगी, मुद्रा, टिकट, लिखत, नापतौल र पशुपंछी विषयका एकमुष्ट जिल्ला, उच्च र सर्वोच्च अदालतमा क्रमशः २६४९६, १६१७१ र ५९२२ मुद्दाहरू बिचाराधीन रहँदा सोही आवमा १६१५०, १०६९० र १७८२ मुद्दाहरु फछ्र्यौट भए । कुटपिट र लुटपिट परम्परागत दुनियाँवादी फौजदारी मुद्दाहरूको संख्या उल्लेख्य देखिन्न । नेपाल भरका जिल्ला अदालतहरूमा कुटपीट १४४६ र लुटपीट ६५० मुद्दाहरू हुनुले यस प्रकृतिका वारदातहरूमा कमी आएको भन्न मिल्छ । तर, वर्तमान विश्वमा चिन्ता, चुनौती र चासोको विषय लागू औषधका मुद्दाको लगत जिल्ला अदालतमा ६८०३ हुनुले उर्वर वयका युवाहरूलाई यसले गाँजिरहेको र सामाजिक आर्थिक विकृतिको एक कारक तत्त्वको स्थान लिइसकेको देखिन्छ । चिन्ताको कुरा, नेपालले लागू औषध नियन्त्रण गर्न कुनै महत्वपूर्ण प्रगति हासिल गर्न सकेको देखिएको छैन ।

दुनियाँवादी भई दायर हुने चेक अनादरको मुद्दा संख्या भने निकै उच्च छ । उल्लिखित आवमा जिल्ला अदालतहरूमा चेक अनादरका मुद्दाको लगत २६१५८ मध्ये आधाभन्दा कम १२९९३ मात्र फछ्र्यौट हुनु फैसलाद्वारा नभएर मेलमिलाप गरी मुददा टुङ्ग्याउने पक्षहरूको चाहनाले हो । कपाली तमसुक गरेर कर्जा लिने असामीले भाकामा नतिर्दा आयटिकट र अदालती दस्तुर दाखिल गरी लेनदेन मुद्दा दायर गर्न सकिन्छ तर चेक अनादर मुद्दामा सामान्य दस्तुर तिरे पुग्छ । लेनदेन व्यवहार गर्दा चेकलाई जाकटी राखेर कर्जा लिने व्यवहारको लोकप्रियतालाई यसले संकेत गर्छ ।

केही मुद्दाहरू उच्च र सर्वोच्च अदालतमा सिधै दायर गर्न सकिन्छ तथापि अधिकांश मुद्दाहरू जिल्ला अदालतबाट शुरु हुने भएकोले जिल्ला अदालत न्याय प्रणालीको आधारभूत प्रवेशबिन्दु हो । मुद्दाको तथ्यको स्थापना र प्रमाणको संकलन एवं परीक्षण जिल्ला अदालतद्वारा हुन्छ । संख्यामा धेरै मुद्दा फछ्र्यौटको कार्यभारका अलवा जिल्ला अदालतको महत्व फैसलाद्वारा सामाजिक मूल्य, मान्यता र मानदण्डहरू सुदृढ पार्नुमा छ । कुनै कालखण्डमा नागरिकको नितान्त निजी मामिला ठानिने क्षेत्रमा समेत आफ्नो संलग्नतामा वृद्धि भइ रहेको अदालतले महसूस गरेको तथ्य हो । पहिला पहिला गाउँसमाज बसी निप्टारा गरिने विवादहरू अहिले अदालतद्वारा निरूपण हुन्छन् । सबै अदालत र न्यायाधिकरणको मुद्दाको लगत आव २०७१।०७२ मा २०१८४४ रहेकोमा आव २०८०।०८१ मा ४९७०३४ भएको र जिल्ला अदालतको मात्र उल्लिखित आवहरूमा ११४७९१ बाट १० वर्षको अन्तरालमा २०३.४८ प्रतिशतले वृद्धि भएर ३४८३७० हुनु नागरिकको मुद्दाप्रतिको जागरुकता र न्यायिक निकायहरूप्रतिको विश्वासको एउटा सूचक हो । (लेखक अधिकारी काठमाण्डौ जिल्ला अदालतका न्यायाधीश हुन् ।)

---

## झापामा...

अध्यागमन कार्यालयमा तोडफोड र आगजनी।

द) मेचीनगर न.पा.-६ काँकडभिट्टास्थित राजमार्गका चेक पोष्टहरुमा तोडफोड र आगजनी।

ध) मेचीनगर न.पा.-६ काँकडभिट्टास्थित नेकपा एमाले झापा क्षेत्र नं. १ क्षेत्रीय पार्टी कार्यालय तोडफोड र आगजनी।

न) मेचीनगर न.पा.-७, इटाभट्टास्थित मेचीनगर नगरपालिकाको भवनमा तोडफोड र आगजनी।

४) गौरादह नगरपालिका

क) गौरादह न.पा.-३ स्थित नगरपालिका कार्यालय तोडफोड, नगर प्रमुख, उपप्रमुख चढ्ने गाडी, फोहोर बोक्ने टिपर, २ वटा मोटरसाइकलमा आगजनी।

ख) गौरादह न.पा.- १, २ र ६ वडा कार्यालयहरुमा तोडफोड र आगजनी।

ग) गौरादह न.पा.-२ स्थित नेपाली कांग्रेस नगर पार्टी कार्यालय, वीपी स्मृति भवनमा तोडफोड र आगजनी।

घ) गौरादह न.पा.-३ स्थित कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीको घरमा तोडफोड र आगजनी।

ङ) गौरादह न.पा.-३, डिपुचोकस्थित संविधानसभा सदस्य दीपक कार्कीको घरमा तोडफोड।

च) गौरादह न.पा.-५ स्थित गौरादह नगर प्रमुख छत्रपति सुवेदीको घरमा तोडफोड र आगजनी।

छ) गौरादह न.पा.-७ स्थित नेकपा एमाले गौरादह नगर कमिटीको पार्टी कार्यालयमा तोडफोड र आगजनी।

ज) गौरादह न.पा.-८ स्थित नगर उपप्रमुख जलवर्षा राजवंशीको घरमा तोडफोड र आगजनी।

५) गौरीगञ्ज गाउँपालिका

क) गौरीगञ्ज गा.पा.-३ स्थित गाउँपालिका भवनको झ्यालको सीसा तोडफोड।

ख) गौरीगञ् ज गा.पा.-६ स्थित वडा कार्यालयको झ्यालको सीसा तोडफोड।

ग) गौरीगञ्ज गा.पा.-३ स्थित इलाका प्रशासन कार्यालयको झ्यालको सीसा तोडफोड।

६) दमक नगरपालिका

क) दमक न.पा.-१ स्थित नगरपालिका कार्यालय तोडफोड र आगजनी।

ख) दमक न.पा.-१ का वडाध्यक्ष हरि न्यौपानेको घरमा तोडफोड।

ग) दमक न.पा.-२ स्थित उपप्रमुख रेगिना प्रसाईको घरमा तोडफोड।

घ) दमक न.पा.-३ भ्यू टावरमा आंशिक तोडफोड र आगजनी।

ङ) दमक न.पा.-३ का वडाध्यक्ष नविन बरालको घरमा तोडफोड।

च) दमक न.पा.-५ स्थित आन्तरिक राजश्व कार्यालयमा आगजनी र तोडफोड।

छ) दमक न.पा.-५ स्थित नेपाली कांग्रेसको पार्टी कार्यालयमा आगजनी र तोडफोड।

ज) दमक न.पा.-५ स्थित ट्राफिक प्रहरी कार्यालयमा आजगनी र तोडफोड।

झ) दमक न.पा.-६ स्थित इलाका प्रहरी कार्यालय दमकमा आगजनी र तोडफोड।

ञ) दमक न.पा.-६ स्थित नगर प्रमुख रामकुमार थापाको घरमा तोडफोड र आगजनी।

ट) दमक न.पा.-८ स्थित नेकपा (माओवादी केन्द्र) को पार्टी कार्यालय आगजनी र तोडफोड।

ठ) दमक न.पा. -८ स्थित नेकपा (माओवादी केन्द्र) का नेता गगन पुरीको घरमा आगजनी र तोडफोड।

ड) दमक न.पा.-९, शान्ति मार्गस्थित कामचलाउ प्रधानमन्त्री के.पी. शर्मा ओली निजी निवासमा आगजनी र तोडफोड।

ढ) दमक न.पा.-९ स्थित भाटभटेनी सुपर मार्केटमा आगजनी र तोडफोड।

ण) दमक न.पा.-५ स्थित नेकपा एमालेका केन्द्रीय सदस्य एवं झापा जिल्ला इन्चार्ज रोमनाथ ओलीको घरमा तोडफोड र आगजनी।

त) दमक न.पा.-८ स्थित नेकपा एमालेका केन्द्रीय सदस्य गोबिन्द थापाको घर र सवारी साधनमा आगजनी र तोडफोड।

७) शिवसताक्षी नगरपालिका

क) शिवसताक्षी न.पा.-७ स्थित नगरपालिका कार्यालयमा तोडफोड र बाहिर आगजनी।

ख) शिवसताक्षी न.पा.- १,२, ३, ४, ५, ६, ७, ८, ९, १० र ११ वडा कार्यालयहरुमा तोडफोड।

ग) शिवसताक्षी न.पा.-९ स्थित प्रतिनिधि सभा सदस्य एलपी साँवा लिम्बूको घरमा तोडफोड।

घ) शिवसताक्षी न.पा.-१ स्थित कोशी प्रदेश सभा सदस्य राधाकृष्ण खनालको घरमा तोडफोड।

८) कमल गाउँपालिका

क) कमल गा.पा.-३ स्थित प्रहरी चौकी केर्खामा तोडफोड।

ख) कमल गा.पा.- १ स्थित वडा कार्यालयमा तोडफोड।

ग) कमल गा.पा.- २ स्थित प्रहरी चौकी क्याम्पामा तोडफोड।

घ) कमल गा.पा.-२ स्थित गाउँपालिका कार्यालयमा तालाबन्दी।

९) भद्रपुर नगरपालिका

क) भद्रपुर न.पा.-१ स्थित कामचलाउ प्रधानमन्त्री केपी शर्मा ओलीको बुबा मोहनप्रसाद ओली बस्ने घरमा आगजनी र तोडफोड।

ख) भद्रपुर न.पा. -१० स्थित राष्ट्रिय सभा सदस्य कृष्णप्रसाद सिटौलाको घरमा आगजनी र तोडफोड।ग) भद्रपुर न.पा.- ३, ४,५, ६ ,७ र १० नं वडा कार्यालयहरुमा तोडफोड र आगजनी।

घ) भद्रपुर न.पा.-८ स्थित सघन सहरी विकास कार्यालयमा तोडफोड र आगजनी।

ङ) भद्रपुर न.पा.-८ स्थित घरेलु उद्योगको कार्यालयमा तोडफोड र आगजनी।

च) भद्रपुर न.पा.-८ स्थित पूर्वाधार विकास कार्यालयमा तोडफोड र आगजनी।

छ) भद्रपुर न.पा.-८ स्थित नगर प्रमुख गणेश पोखरेलको घरमा तोडफोड र आगजनी।

ज) भद्रपुर न.पा.-५ स्थित भद्रपुर भन्सार कार्यालयमा तोडफोड र आगजनी।

झ) भद्रपुर न.पा.-५ स्थित वडा प्रहरी कार्यालयको भवनमा तोडफोड र आगजनी।

ञ) भद्रपुर- ६ मा रहेको उपप्रमुख राधा कार्कीको घरमा आगजनी

१०) झापा गाउँपालिका

क) झापा गा.पा.-३, कामाटोलीस्थित गाउँपालिकाको कार्यालय, कार्यवाहक अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको दुई वटा चारपांग्रे गाडीमा आगजनी

ख) झापा गा.पा. -१ को दुईवटा सरकारी मोटरसाइकलमा आगजनी।

ग) झापा गा.पा. १, २, ३, ४, ५, ६ र ७ का वडा कार्यालयहरुमा तोडफोड र आगजनी।

घ) नेपाली कांग्रेसका जिल्ला सदस्य जलाल अलीको मोटरसाइकलमा आगजनी

११)अर्जुनधारा नगरपालिका

क) अर्जुनधारा ८ स्थित अर्जुनधारा नगरपालिकाको कार्यालय , ८ वटा ठूला सवारी साधन र ७ वटा मोटरसाइकलमा आगजनी

ख) अर्जुनधारा नगरपालिकाको १,२,३,४,५,६,७,८,९,१० र ११ नं वडा कार्यालयमा तोडफोड र आगजनी

ग) अर्जुनधारा ८ स्थित शनिश्चरे प्रहरी चौकीमा तोडफोड

घ)अर्जुनधारा ९ र ११ स्थित सालवारीस्थित शहीद पार्कमा तोडफोड

१२) बुद्धशान्ति गाउँपालिका

क) बुद्धशान्ति ३ स्थित बुद्धशान्ति गाउँपालिकाको कार्यालय र दुईवटा

❖ बाँकी अन्तिम पृष्ठमा

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५६५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ। स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ। लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आकस्मिक धन लाभ हुनेछ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ। तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन्।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला। कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन्।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र संगीतको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

मीन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ